Magoosh IELTS शब्दकोश पोडकास्टमा यहाँहरुलाई स्वागत छ । यो पाठ १४ हो । यस भागमा हामी तपाईले आफ्नो फुर्सदको समयमा गर्न सक्ने ४ शब्दहरुः Hobby, Pastime, Collect, र Outing समावेश गर्नेछौं ।

हाम्रो प्रस्तुतीको नोटमा भएको लिङ्क थिचेर यी शब्दहरु र अन्य IELTS शब्दकोषको शब्दहरुको सूची निशुल्क रुपमा हेर्न नभुल्नु होला, र तपाईको IELTS स्कोर बृद्धि गर्न अन्य धेरै राम्रा सामाग्रीहरुको लागि IELTS.Magoosh.com हेर्नुहोला । IELTS तयारीमा २०% छुट पाउन कुपन कोड "ieltspodcast" प्रयोग गर्नुहोला ।

ठीक छ! अब सुरु गरौं ।

म तपाईहरु समक्ष तपाईको शिक्षक एलियटसँग परिचय गराउन चाहन्छु । उहाँ Magoosh IELTS विशेषज्ञ हो र, एलिएटको बारेमा एउटा रमाईलो तथ्य पनि छ मसँगः उहाँको घरमा साना केटाकेटीहरु छन्, त्यसैले उहाँले फुर्सद के हो भन्ने विर्सिसक्नु भएको छ ।

## Eliot (एलिएट)

हेलो मगुस IELTS पोडकास्ट स्रोताहरु आजको भागमा स्वागत छ । म एलिएट हुँ मगुस IELTS विज्ञ, र यो साँचो हो, म निश्चिन्त छैन कि फुर्सद पाउनु भनेको के हो भनेर सम्झिन... तर यो एकदम राम्रो सुनिन्छ! त्यसैले आज, हामी  आज हामी चार वटा शब्दहरु बारे अध्ययन गर्नेछौं । जसले तपाईहरुलाई IELTS को अन्तरवार्तामा सहयोग गर्नेछन् ।

शब्दहरुको पूरा सूची प्राप्त गर्न यस प्रस्तुतीको पाठ्यरुपमा रहेको लिंकमा थिच्न नभुल्नु होला ।

आजको भागमा रहेको शब्दहरुको विषय फुर्सदको समय रहेको छ, र त्यस्ता शब्दहरु मानिसहरुले आफ्नो फुर्सदको समय के गरेर विताउन सक्छन भनेर वर्णन गर्न प्रयोग गर्न सक्दछौं ।

## Hobby (रुची)

ठीक छ, सूचीमा पहिलो शब्द hobby छ । त्यसो भए यसैबाट शुरु गरौं ।

Hobby, यसको अर्थ के हो त?

खासमा hobby एउटा विशिष्ट क्रियाकलाम हो जुन कुरा कसैले नियमित रुपमा फुर्सदको समयमा गर्ने गर्छन् । hobby एउठा फुर्सदको क्रियाकलाप हो ।

hobby के हो भन्ने बुझ्न सहयोगका लागि , यो जागिर भन्दा फरक हो भन्ने तरिकाले हेरौं । ठीक छ, जागिर कर्मचारीको एउटा पद हो, जहाँ कसैलाई केही गर्नलाई कसैले तलब दिन्छ । तर hobby एउटा तलब नदिइने क्रियाकलाप हो जुन एउटा व्यक्तिले नियमित रुपमा आनन्दको लागि गर्दछ ।

उहाहरणको लागि, कसैको जागिर dentist  हुन सक्छ -- यो एउटा काम हो जसको लागि तलब दिईन्छ-- तर तिनीहरुको फुर्सदको समयमा, जब तिनीहरु काममा हुँदैनन, तिनीहरुको बगैंचामा काम गर्ने hobby रुची हुन सक्छ ।. तिनीहरुले बगैंचामा काम गरे वापत पैसा पाउँदैनन्; तिनीहरु यो त केवल रमाइलोका लागि गरिरहेका हुन्छन् ।

यो त भयो hobby ।

## Pastime

अर्को शब्द छ pastime ।

pastime भनेको आनन्दको लागि गरिने एक क्रियाकलाप हो , समय विताउनका लागि. hobby जस्तै लाग्छ, हैन त?

On the IELTS मा तपाईहरुले hobby र pastime लाई आवश्यकता अनुसार प्रयोग गर्न सक्नु पर्छ, तर यी दुई शब्दहरुबी केही भिन्नताहरु छन्, जुन तपाईहरुले जान्न चाहनु भएको हुनसक्छ ।

त्यसो भए hobby शब्दलाई पुन हेरौं ।. hobby भनेको एउटा विशिष्ट क्रियाकलाप हो जुन तपाई आनन्द मान्नु हुन्छ र प्राय जसो फुर्सदको समयमा गर्नु हुन्छ । उदाहरणको लागि तपाईसँग ice skating र watercolor painting का hobbies हुन सक्छन । .जतिबेला तपाईसँग खाली समय हुन्छ, तपाई आफ्नो hobbies मा काम गर्न सक्नु हुन्छ, र यसमा अझ राम्रो गर्न सक्नु हुन्छ । pastime यस्तो हो जुन तपाईसँग अरु केही गर्नु छैन भने गर्नु हुन्छ ।. यो तपाईले गरिरहेको कुनै विशेष सीप वा क्रियाकलाप नहुन सक्छ । Pastimes भनेका hobbies भन्दा क्रियाकलापहरु हुन, जस्तो कि TV हेर्ने वा पढ्ने ।

ठीक छ । यो भयो pastime ।

## Midroll (मध्यतिर)

हामीसँग तपाईहरुको लागि अझै धेरै शब्दहरु बाँकी नै छन्, तर एकै छिन मगुसको तर्फबाट केही शब्द ।
के तपाई IELTS मा राम्रो अंक ल्याउन चाहनु हुन्छ? मगुसले सहयोग गर्न सक्छ ।
मगुससँग तपाईले निम्न कुरा पाउनु हुन्छः

- गहिराईमा पुगेका भिडयो पाठहरु जसले अवधारणा, सानातिना गल्लीहरु र छोटकरी सहितका
- परीक्षाको तयारीमा सहयोग पुर्याउने २२० भन्दा बढी अभ्यासका प्रश्नहरु

तपाईका प्रश्नको उत्तर दिन तयार शिक्षकसँग २४ घण्टा सातै दिन इमेलबाट पहुँच ।

त्यसो भए के तपाई आफ्नो स्कोर सुधार्न र आफ्नो सपना पूरा गर्न तयार हुनुहुन्छ? ठीक छ! तपाईलाई सघाउन हामी तयार छौ । हामीलाई ielts.magoosh.com मा भेट्नुहोस र 'ieltspodcast' कुपनकोड प्रयोग गरी IELTS तयारीमा २०% छुट पाउनुहोस् ।

ठीक छ अब पाठ तिरै लागौं !

## Collect (संग्रह गर्नु)

अर्को शब्द छ collect ।

त्यसो भए collect को अर्थ के हुन्छ त? ठीक छ, collecting एउटा hobby हो जसमा कोही कुनै खास किसिमा वस्तुहरु किन्छ र संग्रह गर्छ । त्यसैले वस्तुहरु collect गर्नु भनेको तिनीहरुलाई जम्मा गरेर एक ठाउँमा राख्नु हो ।

मानिसहरु जसले hobby को रुपमा collect गर्छन तिनीहरुले आफूलाई मन पर्ने निश्चित प्रकारका वस्तुहरु भेटाउछन र राख्दछन् । उदाहरणको लागि, कसैले समुन्द्री जीवका खोल ,अथवा चुट्किलाका किताबहरु, अथवा दुर्लभ मुद्राहरु संग्रह गर्न सक्छन् ।

त्यसैले जतिबेला कसैले वस्तुहरु संग्रह गरिरहेको हुन्छ-- मानौं तिनीहरु हुलाक टिकट --एउटा hobby को रुपमा, त्यसको मतलब हो तिनीहरुले धैरै लामो समय अघिदेखि ठूलो संख्यामा विभिन्न ठाउँबाट हुलाक टिकटहरु संकलन गरिरहेका हुन्छन्, किनभने हुलाक टिकटमा तिनको रुची हुन्छ ।

यो त भयो collect ।

## Outing

आजको अन्तिम शब्द छ outing ।

outing एउटा योजना गरिएको क्रियाकलाप हो, लागि घर बाहिर गरिने रमाईलो, अरु मानिसहरुसँग । outing एउटा यात्रा हो, तर यो विशेष गरी एक दिन वा कम समयमा सकिने यात्रा हो ।

त्यसैले outing एउटा छोटो अवधिको यात्रा हो, आनन्द वा मनोरञ्जनका लागि गरिने । उदाहरणको लागि, सप्ताहको अन्त्यमा तपाईको परिवार साँझपख समुन्द्रको किनारामा outing जान सक्छ । अब मानौं तपाईको परिवारले समुन्द्रको किनारमा धैरै दिनको लागि बास बस्ने योजना बनायो रे । तपाईको यात्रा अब outing भन्दा "trip" मानिन्छ । Outings लाई कहिलेकाहीं दिवा यात्रा पनि भनिन्छ, किनकी तिनीहरु एक दिन वा कम अवधिमा सकिन्छन् ।

outings का केही अरु उदाहरणहरु संग्रालयतिरको यात्रा, अथवा पार्कमा बनभोज हुन सक्छन् । "outing" शब्दको "out" भागले तपाईहरु आफ्नो घरभन्दा बाहिर जाँदै हुनुहुन्छ भन्ने बुझाउँछ । त्यसैले यदि तपाई आफ्नो शनिवार आफ्नो सुत्ने कोठामा सुतेर बिताउनु हुन्छ भने, यो outing होइन. तर यदि तपाई उठ्नु हुन्छ, आफ्नो घर छोड्नु हुन्छ, र नजिकैको फिल्म हलमा फिल्म हेर्न जानु हुन्छ, outing शब्द तपाईले गरिरहनु भएको कुरालाई वर्णन गर्न प्रयोग गर्न सकिन्छ: तपाई फिल्महलमा *outing गर्न जानु भएको छ ।*

यो त भयो outing.

राम्रो ! यस भागमा तपाईले फुर्सदको समयसँग सम्बन्धित ४ वटा शब्दहरु सिक्नु भयो -- थप शब्दहरुको लागि, शब्दहरुको show notes मा पूरा सूची डाउनलोड गर्नुहोस् र अर्को भाग सुन्नुहोस् ।

## Outro (अन्त्यमा)

अनि कस्तो गर्नु भयो त? के यी सबै शब्दहरु सजिलो लागे? यदि तपाईलाई अझ धैरै अभ्यासको आवश्यकता छ भने यस प्रस्तुतीको पाठ्य रुपान्तरण हेर्न show notes हेर्नुस र फेरी सँगसँगै सुन्नुहोस् ।

अँ एउटा कुरा! हामीहरु हाम्रो प्रस्तुतीको पाठ्यरुपलाई आफ्नो भाषामा अनुवाद गर्ने स्वयंसेवीको खोजीमा छौं । यदि तपाईहरु इच्छुक हुनुहुन्छ भने "translation" विषय सहित मलाई naomi@magoosh.com मा तपाईले कुन भाषाका अनुवाद गर्न सक्नु हुन्छ भन्ने जानकारी दिनुहोला!

सुन्नु भएकोमा धन्यवाद! यदि तपाईलाई हाम्रो कार्यक्रम मन पर्छ भने, हामीलाई रेटिङ अनि एप्पल पोडकास्टमा मूल्यांकन गरेर सहयोग गर्नुहोला, यसले मान्छेहरुलाई हामीलाई भेट्न सहयोग गर्दछ । अर्को समय सम्मको लागि मगुसबाट म Naomi, तपाईको अध्ययन राम्रो होस् भन्ने कामना गर्दछु ।